**<u>निर्णयहरुः</u>**

१. यस अघि सुदूरपश्चिम प्रदेशको बझांग जिल्लामा गएको भुकम्प र हालै जाजरकोट केन्द्रविन्दु भई गएको भुकम्प प्रभावितहरुलाई राहत दिन प्रयोग गर्ने गरी यस प्रदेश अन्तरगतका सबै मन्त्रालय/निकायहरुमा कार्यरत कर्मचारीहरुको देहाय बमोजिमको तलव बरावरको रकम कट्टा गरी प्रदेश विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने।त्यसरी जम्मा भएको रकमको ५० प्रतिशतले हुन आउने रकम जाजरकोट भुकम्प पीडितलाई राहत दिने प्रयोजनार्थ कर्णाली प्रदेशको विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने । सो कार्यको सम्पादन गर्नका लागि आर्थिक मामिला मन्त्रालय र प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले आवश्यक व्यवस्था मिलाउने।

देहाय-

- प्रमुख सचिव, सचिव र ११ औं तहका कर्मचारी- ३ दिन बराबरको तलव
- उपसचिव, अधिकृतस्तर तहका कर्मचारी - २ दिन बराबरको तलव
- सहायक र अन्य श्रेणीविहिन कर्मचारी- १ दिन बराबरको तलव

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौंको मिति २०८०/७/१६ गते प्रकाशित सुझाव कार्यान्वयनसम्बन्धी प्रेस विज्ञप्तिमा उल्लेखित विषयवस्तुहरु प्रदेशस्थित सबै मन्त्रालय/सचिवालय/आयोगले कार्यान्वयन गरी कार्यान्वयनको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समेत पठाउने।

३. प्रदेश निजामती सेवा ऐन,२०७९ उपर संशोधन गरी समयसापेक्ष सुधार गर्नका लागि उक्त ऐनका प्रावधानहरु उपर राय सुझावका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त मस्यौदा उपर सबै मन्त्रालय/आयोग/निकायले अनिवार्य रुपमा ७ दिनभित्र राय सुझाव उपलब्ध गराउने ।

४. प्रदेश लोकसेवा आयोगको च.नं. ५४८, मिति २०८०/०७/२ को पत्रानुसार रिक्त पदहरुको माग आकृति फारम भरी पठाउने सम्बन्धमा अनुरोध भई आएकोमा सम्बन्धित सेवा सञ्चालन गर्ने निकाय/मन्त्रालयले सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ११ बमोजिम अधिकृत सातौं तह देखि माथिको पदको हकमा यथार्थ विवरण सहितको माग फारम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

५. २०८० फागुन २३ र २४ गते सुदूरपश्चिम प्रदेशमा आयोजना हुन लागेको प्रदेश लगानी तथा विकास सम्मेलन, २०८० लाई सफलतापुर्वक सम्पन्न गर्नका लागि सरोकारवाला सबै मन्त्रालय/निकायबीच आपसी समन्वय र सहकार्य सहित आवश्यक तयारी गर्ने ।

६. दैनिक प्रशासनिक कामकारवाहीका सन्दर्भमा अन्तरमन्त्रालय समन्वय, सहकार्य सहित कार्यसम्पादनमा शिघ्रता दिने। सम्बन्धित मन्त्रालयले विभिन्न मन्त्रालयबाट भएका पत्राचार लगायत राय परामर्श माग गरिएको विषयहरुमा तोकिएको सीमाभित्रै जवाफ पठाउन र राय परामर्श उपलब्ध गराउने व्यवस्था मिलाउने ।